नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)**

**सानोठिमी, भक्तपुर**

## शैक्षिक-सत्र २०७६/०७७ को वार्षिक कार्यतालिका

**रजिष्ट्रेशन आवेदन फाराम वितरण :**

कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको लागि २०७६ भाद्र मसान्तभित्र रजिष्ट्रेशन आवेदन फाराम वितरण गर्ने ।

**रजिष्ट्रेशन आवेदन फाराम भर्ने :**

कक्षा ११ मा नयाँ भर्ना भएका विद्यार्थीहरूको रजिष्ट्रेशन आवेदन फाराम २०७६ आश्विन २६ गतेभित्र भरिसक्नु पर्ने (रजिष्ट्रेशन बापतको शुल्क जम्मा गरेको बैंक भौचर आश्विन २६ गतेभित्रको हुनुपर्ने) ।

**रजिष्ट्रेशन आवेदन फाराम भर्ने तथा बुझाउने (विलम्ब शुल्क सहित) :**

विलम्ब शुल्क (दोब्बर दस्तुर) सहित रजिष्ट्रेशन आवेदन फाराम भर्ने अन्तिम म्याद २०७६ कार्त्तिक १८ गतेसम्म हुने (रजिष्ट्रेशन बापतको शुल्क जम्मा गरेको बैंक भौचर कार्त्तिक १८ गतेभित्रको हुनुपर्ने) । विद्यालयहरूले २०७६ कार्त्तिक २४ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयमा रजिष्ट्रेशन आवेदन फाराम बुझाउनु पर्ने ।

**रजिष्ट्रेशन प्रमाणपत्र वितरण**

२०७६ मंसिर मसान्तभित्र सम्बन्धित विद्यालयहरूलाई ट्रिप्लिकेट सहित रजिष्ट्रेशनको अर्धकट्टी वितरण गर्ने ।

**परीक्षा आवेदन फाराम वितरण**

२०७६ पौष १ गतेबाट सम्बन्धित विद्यालयहरूलाई परीक्षा आवेदन फाराम वितरण गर्ने ।

**परीक्षा आवेदन फाराम भर्ने/भराउने :**

२०७६ पौष १५ गतेदेखि माघ १५ गतेभित्र सम्बन्धित विद्यालय/क्याम्पसहरूले कक्षा ११ र १२ का नियमित तथा आंशिक/ग्रेडवृद्धि परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भराउने । (बैंक भौचर २०७६ माघ १५ गतेभित्रको हुनुपर्ने )

**परीक्षा आवेदन फाराम भर्ने तथा बुझाउने (विलम्ब शुल्क सहित) :**

२०७६ माघ १६ गतेदेखि २०७६ माघ २४ गतेभित्र सम्बन्धित विद्यालय/क्याम्पसहरूले विलम्ब शुल्क (दोब्बर दस्तुर) सहितको परीक्षा आवेदन फाराम भराउने । विद्यालयहरूले २०७६ माघ मसान्तभित्र बोर्डका सम्बन्धित कार्यालयमा परीक्षा आवेदन फाराम बुझाउनु पर्ने । (बैंक भौचर २०७६ माघ २४ गतेभित्रको हुनुपर्ने )

**परीक्षाको समय तालिका**

२०७७ साल बैशाख/जेठ महिनामा सञ्चालन हुने कक्षा १२ र ११ को वार्षिक परीक्षाको समय तालिका २०७६ माघ मसान्तभित्र प्रकाशन गर्ने ।

**परीक्षा केन्द्र निर्धारण**

२०७७ साल बैशाख/जेठ महिनामा सञ्चालन हुने कक्षा १२ र ११ को वार्षिक परीक्षाको परीक्षा केन्द्र निर्धारण २०७६ फागुन १५ गतेभित्र गर्ने ।

**प्रवेशपत्र तथा ट्रिप्लिकेट वितरण :**

२०७६ चैत मसान्तभित्र विद्यालयहरूलाई विद्यार्थीहरूको प्रवेशपत्र तथा ट्रिप्लिकेट वितरण गर्ने ।

**प्रयोगात्मक परीक्षा**

बोर्डबाट बाह्य परीक्षक खटाइने विषयहरूको प्रयोगात्मक परीक्षाको समयतालिका सम्बन्धित विद्यालय/ क्याम्पसहरूले तय गरी २०७६ फागुन मसान्तभित्र बोर्डका सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने । कक्षा १२ को २०७६ चैत्र मसान्तभित्र र कक्षा ११ को २०७७ वैशाखको पहिलो हप्ताभित्र प्रयोगात्मक विषयहरूको प्रयोगात्मक परीक्षा सञ्चालन गरी/गराई परीक्षार्थीको नाम र रजिष्ट्रेशन नम्बर अनुसार प्राप्ताङ्क बोर्डका सम्बन्धित कार्यालयहरूमा बुझाउनु पर्ने । बोर्डबाट बाह्य परीक्षक नखटाइने विषयहरूको हकमा सम्बन्धित विद्यालय/क्याम्पसहरूले २०७६ चैत्र मसान्तभित्र प्रयोगात्मक परीक्षा सञ्चालन गरी सोको प्राप्ताङ्क बोर्डका सम्बन्धित कार्यालयमा बुझाउनु पर्ने ।

**परीक्षा सञ्चालन :**

**क) वार्षिक परीक्षा**

- कक्षा १२ को २०७७ वैशाख महिनाको पहिलो हप्ता देखि ।
- कक्षा ११ को २०७७ वैशाख महिनाको तेस्रो हप्ता देखि ।

**ख) ग्रेडवृद्धि (पुरक) परीक्षा**

- कक्षा ११/१२ को वार्षिक परीक्षाको नतिजा प्रकाशन भएको मितिले ४५ दिन भित्र ।

**नतिजा प्रकाशन :**

**क) वार्षिक परीक्षा**

- कक्षा १२ को २०७७ श्रावण मसान्त भित्र ।
- कक्षा ११ को २०७७ आश्विन मसान्त भित्र ।

**ख) ग्रेड वृद्धि (पुरक) परीक्षा**

- कक्षा १२ को ग्रेड वृद्धि (पुरक) परीक्षा सञ्चालन भएको मितिले २५ दिनभित्र ।
- कक्षा ११ को ग्रेड वृद्धि (पुरक) परीक्षा सञ्चालन भएको मितिले ३० दिनभित्र ।

**पुनर्योग :**

- पुनर्योगको लागि निवेदन दिने समय - नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र ।
- पुनर्योगको नतिजा प्रकाशन- पूरक परीक्षा सञ्चालन हुनुभन्दा अघि ।

**पूर्वावश्यक पाठ्यक्रम (Pre-Requisite Course) :**

**क) परीक्षा आवेदन फाराम भर्ने :-** २०७६ भाद्र १० गतेभित्र

**ख) परीक्षा आवेदन फाराम भर्ने/बुझाउने (विलम्ब शुल्क सहित) :-** २०७६ भाद्र १५ गतेभित्र

**ग) परीक्षा सञ्चालन :-** २०७६ भाद्र अन्तिम हप्ता देखि ।

**घ) नतिजा प्रकाशन :-** २०७६ आश्विन १५ गतेभित्र ।

**ङ) ग्रेड वृद्धि परीक्षा सञ्चालन :-** पूर्वावश्यक परीक्षाको नतिजा प्रकाशन भएको मितिले १५ दिन भित्र ।

**च) ग्रेड वृद्धि परीक्षाको नतिजा प्रकाशन :-** २०७६ आश्विन मसान्त भित्र ।